स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता धीरज मगर र अभिनेत्री उपासना सिंह ठकुरीले पहिलोपटक एकसाथ काम गरेको फिल्म हो, 'खुस्मा' । आगामी असोज ३ गते अर्थात् संविधान दिवसको दिनबाट प्रदर्शनमा आउन लागेको फिल्मले उनीहरुबीच अंकुराएको प्रेम र वियोगको कथा भन्नेछ । द्वन्द्वकालीन समयको परिवेशमा तयार भएको फिल्ममा उनीहरु गाउँले चरित्रमा छन् । पूर्वी रुकुम क्षेत्रमा यो फिल्म खिचिएको हो ।

**आजको विचार...**



डा.डीआर उपाध्याय

दुई...

*(दुई पेजमा)*

(दुई पेजमा)

कलाकारद्वय सीताराम कट्टेल 'धुर्मुस' र कुञ्जना घिमिरे 'सुन्तली'ले पहिलोपटक विभिन्न युरोपेली मुलुकमा प्रस्तुति दिने भएका छन् । कलाकारिता यात्रामा अमेरिका लगायत देशमा पुगेका उनीहरुले युरोपमा यसपटक प्रस्तुति दिने भएका हुन् । उनीहरुले पहिलोपटक युरोपका झण्डै दर्जन बढी देशमा बसोबास गर्दै आएका नेपाली दर्शकलाई हँसाउँने जनाइएको छ । 'धुर्मुस सुन्तली साँझ' नाम दिइएको यो युरोप टुर जुलाई ८ मा फिनल्याण्डबाट सुरु हुनेछ ।



❐ वर्ष २९ ❐ अंक ३४० ❐ २०८१ असार २५ गते मंगलबार 9 July 2024, Tuesday ❐ पृष्ठ संख्या 8 मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## आक्रमणमा २० भन्दा बढीको मृत्यु

(रासस/एपी)

**किएभ, युक्रेन,** असार २४/रूसी क्षेप्यास्त्र युक्रेनको राजधानीस्थित एक बाल अस्पतालमा ठोक्किएको छ । उक्त आक्रमणबाट कम्तीमा २० जनाको मृत्यु भएको छ ।

त्यसैगरी, मध्य युक्रेनी शहर क्राइभी रिहमा भएको आक्रमणमा १० जनाको मृत्यु भएको र ३१ जना घाइते भएको नगर प्रशासनका प्रमुख ओलेक्ज्यान्डर विल्कुलले बताए । केही महिनायता किएभमा भएको यो सबैभन्दा ठूलो बमबारी थियो । युक्रेनी वायु सेनाका अनुसार दिनदहाडै गरिएको आक्रमणमा रूसको सबैभन्दा अत्याधुनिक हतियारमध्ये एक किन्झाल हाइपरसोनिक क्षेप्यास्त्र पनि प्रयोग भएको अधिकारीहरूले बताएका छन् । किन्झाल तीव्र गतिमा अर्थात् ध्वनिको १० गुणा बढी गतिमा उड्ने भएकोले यसलाई रोक्न गाह्रो हुन्छ । विस्फोटका कारण शहरका भवनहरू हल्लिएका थिए । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूसले विभिन्न प्रकारका ४० भन्दा बढी क्षेप्यास्त्र प्रहार गरेर अपार्टमेन्ट भवन र सार्वजनिक संरचनामा प्रहार गरेको बताए । किएभ शहर प्रशासनले केही क्षेत्रमा क्षेप्यास्त्रबाट खसेको भग्नावशेष खसेको र आगो लाग्न थालेको जनाएको छ । किएभका धेरै इलाकाहरूबाट धुवाँको बाक्लो मुस्लो उठेको थियो ।



## धरापमा घरहरु :

तानसेन– हार्थोक सडक खण्डस्थित भैरवस्थान मन्दिर नजिकै पहिरोको उच्च जोखिममा रहेका घरहरु । सडक चौडा बनाउने नाममा जथाभावी डोजर लगाएर खन्दा यहाँका दुईवटा घर पहिरोको धरापमा रहेका छन् । निरन्तर अविरल वर्षा भइरहे पनि डोजर लगाएर काम भइरहँदा घर कति बेला पहिरोले लैजाने हो भन्न सकिने अवस्था छैन् । ति घरमा रहेका मानिसहरु दिनभरी बाहिर बसे पनि रातको समयमा भने घरमै बस्दै आएका छन् । तस्वीर : रामचन्द्र रायमाझी/ एनजेडी

## केही दिन मनसुन निष्क्रिय हुँदै



**पाल्पा,** असार २४/विहीबारदेखि निरन्तर सक्रिय रहेको मनसुन सोमबारदेखि भने क्रमश: निष्क्रिय हुँदै जाने जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान माहाशाखाले जनाएको छ । महाशाखाले आइतबार एक बुलेटीन सार्वजनिक गर्दै केही मनसुन निष्क्रिय हुँदै जानुको साथै मुलुकको अधिकांश भू–भागमा वर्षा कम हुने पूर्वानुमान गरेको छ ।

विभागका अनुसार न्यूनचापीय रेखा क्रमिक रुपमा दक्षिणतर्फ सर्दै जाने भएकाले मुलुकमा मनसुनको सक्रियतामा कमी आई वर्षा कम हुनेछ । 'केही दिन कोशी र गण्डकी प्रदेशका अधिकांश स्थानहरूमा भने हल्का देखि मध्यम वर्षा र थोरै स्थानहरूमा भारी वर्षाको सम्भावना रहेको र मधेश प्रदेश, बागमती प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेशका केही स्थानहरूमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ' बुलेटीनमा भनिएको छ । वर्षाका कारण भूक्षय, पहिरो तथा गेग्रान बहावको जोखिम रहनुका साथै खहरे खोलामा पानीको सतह बढ्नसक्ने, दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, सडक तथा हवाई यातायातसमेत प्रभावित हुनसक्ने भएकाले आवश्यक सतर्कता तथा पूर्वतयारी अपनाउन भने विभागले सबैमा अनुरोध गरेको छ ।

## पाल्पामा घुमफिर गर्दै राजेश हमाल र धिरेन शाक्यसहितको टोली

कृष्ण पोखरेल

**पाल्पा,** असार २४/नेपाली फिल्मी क्षेत्रका महानायक राजेश हमाल र नायक धिरेन शाक्यसहितको टोली विगत तीन दिनदेखी पाल्पामा घुमफिर गरिरहेका छन् । दुबै नेपाली चलचित्रका हिरो हमाल र शाक्य पाल्पामा चलचित्र छायांकनको लागि नभई पाल्पाका विभिन्न ऐतिहासिक क्षेत्रहरुको अवलोकनसँगै घुमफिर गर्न पाल्पा आएका हुन् ।

निश्चित कार्यक्रको दायरा भन्दा फरक तरिकाले घुम्दै, स्थानीयवासीसँग कुराकानी गर्दै जे भेटिन्छ त्यही खाँदै, स–साना नानी बाबुदेखी वृद्धवृद्धा बुवाआमासँग फोटो खिच्दै, भलाकुसारी गर्दै नायक हमाल र शाक्य पाल्पाका विभिन्न स्थानहरुमा घुमेका छन् । उनीहरुसहितको टोलीले पाल्पाको रामपुरको बेझाड बजार, कृत्रिम ताल तालपोखरा, १० अवतारको वालन नाच, नेपालकै ठूलो अम्रीसो बगान काउलेडाँडामा घुमफिर गरी स्थानीयवासीसँग कुराकानी गर्दै फोटो खिच्दै रमाए । तानसेनमा उनीहरुले अंग्रेजलाई युद्धमा हराएको खुसियालीमा वि.स. १८७६ मा निर्माण भएको भगवती मन्दिर, काजी



अमर सिंह थापाले विस १८६३ मा निर्माण गरेको अमर नारायण मन्दिर, पुरानो परम्परागत तानसेन शहर, मखनटोल, पाल्पा दरवार संग्रहालय, पद्मम पब्लिक माध्यमिक विद्यालय, श्रीनगरपार्क तथा बन क्षेत्र, भैरव मन्दिर भैरवस्थान, त्रिभुवन बहुमुखी क्याम्पस लगायतका प्रसिद्ध क्षेत्रहरुमा पुगेर घुमफिर गरेका छन् । पाल्पा परम्परागत कालदेखी नै एक पर्यटकीय गन्तव्य स्थल रहेकाले पर्यटकीय चहल पहल बढाउने, धेरै भन्दा धेरै मानिसलाई पाल्पाका रमणीय स्थलहरुको जानकारी गराउने र पाल्पामा घुम्न बोलाउने, धार्मिक ऐतिहासिक सबै किसिमका पर्यटकहरुलाई पाल्पा चिनाउने, पाल्पामा अन्तर्राष्ट्रिय स्तरका पर्यटकहरु भित्र्याउने मुख्य योजनाका साथ घुमफिर गर्दै हिडेको महानायक राजेश हमालले बताए । उनले भने 'आफ्नो जन्मस्थान तानसेन निकै परिवर्तन भएको रहेछ, जन्म स्थानका साथीभाईसँगै घुम्न पाउँदा निकै रमाईलो लागेको छ ।' अर्का नायक धिरेन शाक्यले देशका चर्चित सेलिव्रेटीहरुलाई पाल्पामा ल्याउने, घुमाउने, र पाल्पाको प्रचार–प्रसार गर्ने र पाल्पामा आन्तरिक तथा बाह्रय पर्यटकहरु भित्र्याउने अभियानमा जोडिएको बताए । पर्यटनको मेरुदण्ड भनेको आफ्नो स्थानलाई राम्ररी चिनाउनु, आफ्नो स्थानप्रति अरुलाई आर्कषित गर्नु, धेरै भन्दा धेरै मानिसलाई आफ्नो स्थानमा भित्र्याउनु, आफ्नो क्षेत्रको कला संस्कृति, पहिचान, इतिहास, भेषभुषाले घुम्न आएका मानिसलाई आर्कषित गरेर खुसी बनाउदै स्थानीयवासीहरुलाई आयआर्जनसँग जोड्र जिविकोपार्जनलाई सहज र सजिलो बनाउने अभियानका साथ आफुहरु 'यात्रा नेपाल' मा रहेको यात्रा टोलिका संयोजक साकार प्रधानले बताए । **बाकी अन्तिम पेजमा...**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सरुवा रोगको जोखिमबाट बचौं

**वर्षायामको शुरूआतसँगै पानी, खाना र कीटजन्य सरुवा रोगको जोखिम र प्रकोप पनि बढ्ने गर्दछ । बर्खा लाग्नु भनेको खेतीपातीको याममात्रै होइन यो विपद् र सरुवा रोगको प्रकोप देखा पर्ने याम पनि हो । वर्षाका कारण बाढीपहिरोका घटनाहरु बढेका छन् । यसले सरुवा रोगको प्रकोपलाई समेत बढवा दिएको छ । पानीजन्य रोगहरू दूषित पानीको संसर्ग, सेवन र पानीमा हुने अनावश्यक रसायनका कारण लाग्ने गर्दछ । खोला तथा दहको जमेको दूषित पानीमा पौडी खेल्दा खुला एमिबाको संक्रमण हुन्छ । पानीमा आर्सेनिकको मात्रा उच्च भएमा आर्सेनिकोसिस रोग लाग्ने सम्भावना हुन्छ । वर्षायाममा खासगरी दूषित पानीको सेवनले झाडापखाला, आउँ, टाइफाइडको समस्या देखिन्छ । वर्षासँगै आउने भेलले मानिस र जनावरका मलमूत्रलाई जमीनमुनि र बाहिरको पानीको स्रोतमा मिसाउनाले पानी दूषित बन्छ । पानीको मुहान नजिकै दिसापिसाब गर्दा, सुरक्षित भण्डारण र आवश्यकता अनुसार निर्मलीकरण नगर्दा पनि पानी दूषित हुन्छ । गर्मी मौसममा पानीको अभाव हुने भएकाले दूषित पानीको सेवन र समस्या बढेको देखिन्छ ।**

**वर्षाद्का बेला अधिकांश पानीको मुहान दूषित बनेका छन् । खानेपानीको समस्याले गर्दा कतिपयले बाध्यतावश दूषित पानी पिइरहेका हुन्छन् । वर्षायाममा पानीका मुहान दूषित हुने र जतातत्तै पानी जम्मा हुने कारण किटाणुको प्रकोप पनि बढी हुन्छ । जसले डेँगु, मलेरिया, आँखा पाक्ने, टाइफाइड, भाइरल ज्वरो, निमोनिया, हैजा र झाडापखालाजस्ता रोगहरु निम्त्याउने गर्दछ । विशेषगरी वर्षाद्को बेला पानी उमालेर पिउने बानी बसाल्ने हो भने सरुवा रोगको संक्रमणबाट जोगिन सकिन्छ । टाइफाइड, हैजा, आउँ, झाडापखाला र रुघाखोकीजस्ता सरुवा रोग दूषित पानी, हावा र खानाको माध्यमबाट सर्ने गर्छ । एक व्यक्तिबाट अर्को व्यक्तिमा छिटो सर्ने रोग भएकाले यसको समयमा उपचार हुन नसके बिरामीको मृत्युसमेत हुनसक्छ । तसर्थ वर्षासँगै दूषित पानीका कारण हुन सक्ने सरुवा रोगको जोखिमबाट बच्न उच्च सर्तकता अपनाउन जरुरी छ ।**

### Opinion @ Social Network

मोड आए पछि मोडिनै पर्छ,
त्यसलाई बाटो फेरेको भनिदैन ।
*(रमेश थापाको फेसबुक स्टाटसबाट www.facebook.com//thapa.ramesh)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# दुई ठूला दलको मिलापका परिदृश्य



डा.डीआर उपाध्याय

*प्रधानमन्त्री प्रचण्डले आफूसँग '३२ नम्बरको जादु' छ भन्दै आए पनि ठूला दुई दलले सहकार्य गर्ने भनेसँगै अब साना पसल बन्द हुने अवस्था देखिएको छ । साना दलको जादु न चल्ने देखिएको छ । हुन त नेपाली राजनीतिमा अब यही हुन्छ भनेर ठोकुवा गर्न गाह्रो छ, तर पनि दुई ठूला दलको सहमतिले अबको राजनीतिमा साना दलका दुकान बन्द हुने अवस्था सिर्जना हुने देखिन्छ । संघीय संसद्को पहिलो दल नेपाली कांग्रेस र दोस्रो दल नेकपा एमालेले सत्ता सहकार्यका लागि समझदारी गर्ने भएसँगै २०७९ मा भएको आमचुनावको १८ महिनापछि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारलाई विस्थापित हुने देखिएको छ ।*

देशमा मनसुनी वायु सक्रिय भएसँगै व्यापक रूपमा वर्षा भइरहेको छ । देशका विभिन्न ठाउँमा जलमग्न हुनका साथै बाढीपहिरोले सडक अवरुद्ध हुनुका साथै निक्कै क्षति पुऱ्याएको छ । देशका आमकिसानलाई यतिबेला धान रोप्ने चटारो छ । घरमा कोही बिरामी भए पनि भोलि औषधि गर्न लैजाउँला भन्दै खेतमा किसना कुद्नु परिरहेको अवस्था छ । फेरि हामीकहाँ पछिल्लो समय गाउँहरू युवाविहीन भएकाले पनि कृषि कर्ममा लाग्ने युवा शक्तिको अभाव छ । अविरल वर्षाले डुबान र भूक्षयका साथै अन्य समस्या आमनेपालीले भोगिरहेका छन् भने देशको राजनीति सत्ता दाउपेचमा केन्द्रित छ । देशका ठूला दुई दलले सत्तारोहणका लागि सहकार्य गर्ने भनेसँगै वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' अल्पमतमा पर्नुभएको छ । प्रधानमन्त्री प्रचण्डले आफूसँग '३२ नम्बरको जादु' छ भन्दै आए पनि ठूला दुई दलले सहकार्य गर्ने भनेसँगै अब साना पसल बन्द हुने अवस्था देखिएको छ । साना दलको जादु न चल्ने देखिएको छ । हुन त नेपाली राजनीतिमा अब यही हुन्छ भनेर ठोकुवा गर्न गाह्रो छ, तर पनि दुई ठूला दलको सहमतिले अबको राजनीतिमा साना दलका दुकान बन्द हुने अवस्था सिर्जना हुने देखिन्छ । संघीय संसद्को पहिलो दल नेपाली कांग्रेस र दोस्रो दल नेकपा एमालेले सत्ता सहकार्यका लागि समझदारी गर्ने भएसँगै २०७९ मा भएको आमचुनावको १८ महिनापछि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारलाई विस्थापित हुने देखिएको छ । योबीचमा प्रचण्ड नेतृत्वको सरकारलाई काँध हाल्न कांग्रेस र एमालेबीच प्रतिस्पर्धा नै देखियो । यति इमानदारीपूर्वक उनीहरूले भनेजस्तै स्थिर सरकार संविधान संशोधनका लागि यो सहकार्य गरेका हुन भने स्वागत योग्य छ । तर, यसका पछाडि स्वार्थ लुकेको छ भने यसले झन् अप्ठ्यारोमा पार्नेछ । फेरि हामीकहाँको राजीतिमा आन्तिरिकभन्दा बाफय प्रभाव रहँदै आएको छ । रातारात सहमति गरेर गरिएको यो परिवर्तन केका लागि भन्ने कुराको पर्दा त बिस्तारै खुल्दै जाला तर अहिले बाहिर आएका कुरा भने स्वागतयोग्य नै हुन् । मुलुकमा राजनीतिक स्थिरताका लागि नेपाली कांग्रेस र नेकपा एमाले एक ठाउँमा आउनु राम्रो पक्ष हो । त्यसमा संविधानका सबल र दुर्बल पक्षको समीक्षा गरेर आवश्यकता अनुसार संशोधन गरी त्यस अनुसारका कानुन निर्माण गर्नुका साथै शिथिल भएको अर्थतन्त्रलाई क्रियाशील गर्ने र तीव्र गतिमा विकास निर्माण अगाडि बढाएर मुलुकमा समृद्धि ल्याउने उनीहरूले आफ्नो लक्ष्य बताएका छन् । यसका लागि राष्ट्रिय सहमतिको सरकार बनाउने उनीहरूको भनाइ छ । यसले कति सार्थकता पाउला त्यो आगामी समयले नै प्रष्ट पार्नेछ ।

देशमा कोरोना भाइरसको संक्रमण (कोभिड-१९) पछि अर्थतन्त्रको जुन अवस्था छ, मुलुकमा एउटा अनिश्चित र अन्योलको अवस्था छ । राजनीतिक अस्थिरता छ । यो सबै कुराले आमजनतामा निराशा व्याप्त छ । अबको सरकारको जिम्मेबारी भनेको जनतामा व्याप्त निराशालाई आशामा बदल्नु हो । त्यसका लागि बलियो सरकारको आवश्यकता हुन्छ । यी ठूला दुईलको यति इमानदारीपूर्वक सहकार्य भएको हो भने अवश्य मुलुकलाई राम्रो नै गर्नेछ भन्ने आशावादी हुन सकिन्छ ।

केन्द्रमा सत्ता समीकरण बदलिइरहने रोगका कारण प्रदेश सरकार झन्झन् अस्थिर भएका छन् । नयाँ समीकरण बनेपछि मधेस, लुम्बिनी, बागमती, कर्णाली, गण्डकी, कोशी र सुदूरपश्चिम सरकारमा फेरि फेरबदल आउनेछ । यसबीचमा यस्ता धेरै फेरबदल आए । अबको कार्यकाल यी दुई ठूला दलको मिलापमा कुनै अवरोध आएन भने केही स्थिर होला कि भन्ने आशा गर्न सकिन्छ । तर अझै सजिलै एमाले-कांग्रेसको हातमा सरकार आउँछ भन्नेमा संशय छ । अल्पमतमा भइसकेपछि प्रधानमन्त्री प्रचण्डले राजीनामा दिएर मार्ग प्रसस्त गर्नुपर्ने कांग्रेस र एमालले बताउँदै आए पनि उहाँले यही असार २८ गते प्रतिनिधिसभामा विश्वासको मत लिन लाग्नुभएको छ । संविधानको धारा १०० को उपधारा ९२० अनुसार सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएको ३० दिनभित्र प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने प्रावधान छ । कांग्रेस र एमालेले नयाँ सरकार गठनका लागि मार्ग प्रशस्त गर्न प्रधानमन्त्रीलाई आग्रह गरे पनि उहाँले संसदमार्फत विश्वासको मत लिने निर्णय गर्नुभएको छ । प्रधानमन्त्री प्रचण्डले विश्वासको मत प्राप्त गर्ने/नगर्ने र त्यसपछिको राजनीतिक परिदृश्यले नेपालको राजनीतिमा नयाँ मोड ल्याउने अपेक्षा गरिएको छ । देशको राजनीतिमा अहिलेसम्म भएका घटनाक्रममा नेपाली जनताले अनुभव गर्नेगरी केही राहत पाएका छैनन । साठी वर्षको अवधिमा नेपालको राजनीतिमा जति प्रयोग भएका छन्, सम्भवत: त्यस्तो अन्यत्र कुनै पनि देशमा भएको छैन । यस कालखण्डमा नेपालीहरू झन्झन् अद्योगतितर्फ छन् । दलका नेताहरू यही परिस्थितिले जन्माएका प्रतिनिधि पात्रमात्रै हुन् । आमसचेत नागरिकले यो कुरा राम्ररी बुझेको छ । उनीहरूले आफ्नो बुझाईलाई अबको निर्वाचनमार्फत व्यक्त गर्नेछ तर निराशा झन् बढ्दै गयो भने त्यो विष्फोटमा परिणात नहोला भन्न सकिन्न । नयाँ राजनीतिक परिस्थितिमा सबै दलले जनतालाई केन्द्रमा रोखर आफ्ना गतिविधि अघि बढाए भनेमात्र केही आशा वादी हुन सकिएला । पछिल्लो समयमा दलहरू सहमति र सहकार्यको राजनीतिमा असफल हुँदै आएका छन् । आफ्नो व्यक्तिग, गुटगत र पार्टीगत स्वार्थमा मात्र उनीहरू तल्लीन हुँदै आएका छन् । यो सुखद् अवस्था होइन ।

पुरानै दलहरू सरकारमा आए पनि अथवा जुनसुकै परिवर्तन भए पनि स्वप्नशील नेतृत्व आजको आवश्यकता हो । स्वप्नशील नेतृत्वको प्यासमा आम नेपाली तड्पिरहेका छन् । भनिन्छ, राजनीति सम्भावनाहरूको खेल हो । संसदीय राजनीतिमा त्यस्ता सम्भावना गणितसँग जोडिएका हुन्छन् । त्यसैले राजनीतिमा सम्भावनाहरूको खोजी हुँदा भावनालाई भन्दा गणितलाई महत्व दिइन्छ । र, गणितको जगमा उभिएर दलहरूले आ-आफ्ना रणनीति बनाएका हुन्छन् । तर गणितको खेलमा रुमलिइरहँदा आममानिसका चासो र देशभक्ति सबैभन्दा माथि हुनु जरुरी छ ।

आज देशमा सुशासन कायम हुन नसक्दा विकास र समृद्धिको मार्ग अवरुद्ध हुँदै आएको छ । जुन देशमा सुशासन कायम हुन सक्दैन त्यो देशमा विकास नभएको देखिएको छ । हामी विश्वको इतिहासलाई हेरिरहेका छौं, विकसित देशहरूमा नेतृत्वमा बस्नेहरूले इमानदारीका साथ व्यक्तिगत स्वार्थ त्यागेर देश र जनताको पक्षमा काम गरेका छन् । त्यो देश विकास र समृद्धिको बाटोमा अघि बढिरहेको छ । भ्रष्टाचारमा लिप्त देशहरू अघि बढ्न सकिरहेका छैनन् । यो यथार्थलाई कसैले बिर्सन हुँदैन । यस अवस्थाको अन्त्य गर्न जरुरी छ । भ्रष्टाचार राजनीति दल र तिनका नेता अनि प्रशासनको मिलेमतोमा हुनेगरेको छ । मुख्य दोषी यिनीहरू नै हुन् । अदूरदर्शी, स्वार्थपन र अक्षमताका कारण देश अघि बढ्न सकिरहेको छैन । देशले जुन रूपमा सफलता हासिल गर्नुपर्थ्यो त्यसअनुसार सफलता हासिल गर्न सकेको छैन । सबैभन्दा बढीमात्रमा स्थानीय तहमा भ्रष्टाचार व्याप्त छ । केही दिनअघि स्थानीय तहका कतिपय मेयर, उपमेयर प्रमुख प्रशासकीय अधिकृत लगायत समातिएका समाचार सार्वजनिक भएका छन् । यसले नागरिकमा आक्रोश बढाएको छ । यस विषयमा राजनीतिक नेतृत्वले गम्भीर भएर सोच्नुपदर्छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा भ्रष्टाचार बढ्नु राम्रो होइन, यसले व्यवस्था नै बद्नाम बनाउने अवस्था सिर्जना भएको छ । समयमै सोच विचार गरेर राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व अघि बढनुपर्ने आवश्यक छ । नेतृत्वमा बस्ने सबैले आत्मसमीक्षा गर्दै सच्चिएर अघि बढ्नुको विकल्प छैन ।

मुलुक व्यवस्थित ढंगले अघि बढ्न नसक्नु नेतृत्व असक्षम भएर हो । बढ्दो युवा पलायनलाई रोकौं । दशेमै केही गर्न प्रेरित गरौं । भविष्य यही देशमा छ भन्ने भावनाको विकासका साथै कार्य योजना तय गरौं । कहिलेसम्म व्यक्तिगत र पार्टीगत स्वार्थमा लम्पट हुने । अब त केही सोचौं । अन्यथा भावी पुस्ताले हामीलाई धिर्कानेछ । अब बन्ने सरकारले यस्ता कुरा ख्याल गर्दै अघि बढ्नेछ भने आशा गरौं ।

**(डा.उपाध्याय १५३ विश्वकीर्तिमानी व्यक्ति हुन् ।)**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१११९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल


| | |
|---|---|
| **मेष** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । कला र गलाको प्रभाव बढ्नेछ । | **तुला** : व्यापार व्यवसायमा रुची बढ्ने देखिन्छ । उपहार पाइने सम्भावना छ । |
| **वृष** : समाजसेवामा मन लाग्नेछ । उपकार गरेर अरुको मन जित्न सकिनेछ । | **वृश्चिक** : मंगल कार्यको योग छ । चिताएको कामले तीव्रता लिनेछ । |
| **मिथुन** : मनमा चञ्चलता बढ्नेछ, तर साँझमा शुभ समाचार सुन्नमा आउला । | **धनु** : आय आर्जनका क्षेत्रमा सुधार आउनेछ । बौद्धिकताको विकास हुनेछ । |
| **कर्कट** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । मान प्रतिष्ठामा वृद्धि होला । | **मकर** : अचल सम्पत्ती हात पर्न सक्छ । धार्मिक कार्यमा रुचि बढ्नेछ । |
| **सिंह** : विद्या र बुद्धिको विकास हुनेछ । मंगल कार्यको योग छ । | **कुम्भ** : व्यर्थको यात्रामा जान बाध्य भइएला । मन खिन्न हुने स्थिति आउनेछ । |
| **कन्या** : कार्यमा सफलता मिल्नेछ । जोश जाँगर र हिम्मत पनि बढ्ला । | **मीन** : रोजगारको अवसर मिलनेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । |

## विज्ञान/सूचना प्रविधि

# पछाडी सर्न थाल्यो पृथ्वीको 'कोर'

पृथ्वीको सतहबाट ३ हजार २२० माइल मुनि धातुको ठोस भकुन्डो छ । यसलाई धातुको तरल सतहले घेरेको छ ।

पृथ्वीको केन्द्रमा रहेको यो सतहमा मुख्यत: फलाम र निकेल छ । यो सूर्यको बाहिरी सतह जत्तिकै अर्थात् ९ हजार ८०० डिग्री फरेनहाइट तातो भएको अनुमान गरिएको छ । पृथ्वीको चुम्बकीय क्षेत्रले धातुको यो ठोस भकुन्डोलाई घुमाइरहन्छ । बाहिरको तरल सतह र त्यसभन्दा बाहिर रहेको सतहले भने भित्री तहलाई तान्छ । दशकौँसम्म यो तान्ने र धकेल्ने क्रमका कारण भित्री तहको घुमाइको गतिमा विविधता देखिएको छ ।




पृथ्वी घुमेजस्तै गरी यो भकुन्डो पनि स्वतन्त्र रूपमा घुमिरहन्छ । पृथ्वीको यो हिस्सा रहस्यमय छ । सन् १९३६ मा डेनिश भूकम्पशास्त्री इन्ज लेहम्यान पृथ्वीको कोर पत्ता लगाएका थिए । यो हिस्सा कसरी घुम्छ, यसको गति र दिशालगायत अनेकौं कुराहरू अझै पनि रहस्यमै अड्किएको छ । दशकौंदेखि यी विषय बहसको केन्द्रमा पनि छन् । तर हालैका वर्षमा पृथ्वीको सबैभन्दा भित्री तहको घुमाई अचानक परिवर्तन भएको बताइएको छ । यस्तो किन भइरहेको छ र यसको अर्थ के हो भन्नेमा वैज्ञानिकहरू विभाजित देखिन्छन् । समस्या के छ भने पृथ्वीको गर्भभित्रको यो हिस्सा हेर्न सकिँदैन । ठुला भूँइचालाहरूको तरङ्गबारे अध्ययन र जाँच गरेर भूकम्पविद्हरूले भित्री तहको चालबारे जानकारीहरू बटुलिरहेका छन् । उस्तै तीव्रताका भूकम्पहरूको तरङ्गबीचको भिन्नताका आधारमा वैज्ञानिकहरूले भित्री तहको अवस्थितिमा आएको परिवर्तन र यसको घुमाइको हिसाब गर्ने गरेका छन् । सन् १९७० र ८० को दशकमा भित्री सतहको घुमाई फरक भएको अनुमान निकालिएको थियो । भूकम्पविद्हरूले ९० को दशकमा भने यसको प्रमाण नै सार्वजनिक गरेको अष्ट्रेलियाको जेम्स कूक विश्वविद्यालयमा भौतिक विज्ञानका वरिष्ठ लेक्चरर डा. लरेन वास्जेक भन्छिन् । यस्तो कसरी अर्थ्याइयो भन्नेमा अनुसन्धाताहरू विभाजित देखिन्छन् । उपलब्ध सीमित डेटा र सदूरताका कारण भित्री सतहको विस्तृत निगरानी गर्न सकिन्न । ९० को दशकपछि भएका अध्ययनहरूले भित्री तहको घुमाइको गति र दिशाबारे विमति राखेका छन् । केहीले त सो तह घुम्दै घुम्दैन पनि भनेका छन् ।

सन् २०२३ मा एउटा प्रस्तावित मोडलमा पृथ्वीको सबैभन्दा भित्री तह कुनै बेला पृथ्वीभन्दा छिटो-छिटो घुम्ने गरेको तर अहिले आएर यसको गति सुस्त भएको भनेर भनिएको थियो । अर्को मोडलमा भने वैज्ञानिकहरूले भित्री हिस्सा पृथ्वीकै गतिमा घुम्ने गरेकोमा घुमाई सुस्ताएर अहिले तरल तहको ठिक उल्टो दिशातिर घुम्न थालेको पनि भनिरहेका छन् । यो निष्कर्ष बलियो बनाउन थप डेटा चाहिने केही विज्ञहरू बताउँछन् ।

जुन १२ मा द नेचर जर्नलमा सार्वजनिक भएको अनुसन्धान प्रतिवेदनले भित्री हिस्साको घुमाई सुस्ताएको पुष्टि गर्नुको साथै यो दशकौंदेखि घुमाइ सुस्त र तीव्र हुने क्रमको हिस्सा भएको बताएको थियो । नयाँ तथ्यले घुमाइको गतिमा आएको परिवर्तन ७० वर्षको चक्र भएको पुस्टी गरेको थियो । आफूहरूले यसबारे २० वर्षदेखि तर्क दिँदै आएको युनिभर्सिटी अफ साउदर्न क्यालिफोर्नियाको डर्नसाइफ कलेज अफ लेटर्स, आर्ट्स एन्ड साइन्सेजमा अर्थ साइन्सेजका प्राध्यापक डिन डा. जोन भिडेलले भनेका छन् । तर यो तर्कमा सबैजना सहमत भने छैनन् । यसले पृथ्वीलाई कस्तो प्रभाव पार्छ भन्ने प्रश्न अझै पनि अनुत्तरित छ ।

*-रातोपाटी डटकम*

# एआईको प्रयोगसम्बन्धी अवधारणापत्र तयार

सरकारले पहिलोपटक आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को प्रयोग तथा अभ्याससम्बन्धी अवधारणापत्र तयार गरेको छ । विश्वव्यापी रुपमा एआईको विकास र प्रयोग बढ्दै गए पनि नेपालमा कुनै नीति र कानुन नभएकाले यससम्बन्धी आवश्यक नीति र कानुन निर्माणको आधार तय गर्न सरकारले अवधारणापत्र तयार गरेको हो ।



सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गठन गरेको प्राविधिक समितिले झण्डै पाँच महिना लामो अध्ययनपछि अवधारणापत्र तयार गरेको हो । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माको निर्देशानुसार मन्त्रालयले सहसचिव अनिलकुमार दत्तको संयोजकत्वमा पाँच सदस्यीय प्राविधिक समिति गठन गरेको थियो । समितिका सदस्य मन्त्रालयका उपसचिव नारायण तिमिल्सिना, सूचना प्रविधि विभागका सूचना प्रविधि निर्देशक पवित्र डङ्गोल, इञ्जिनीयरिङ अध्ययन संस्थानका उपप्राध्यापक डा बाबुराम दवाडी र सदस्य सचिवमा मन्त्रालयका कम्प्युटर इञ्जिनीयर सूर्यप्रकाश उपाध्याय रहेका थियो । गत माघ ५ गते गठित समितिले अवधारणापत्रसम्बन्धी प्रतिवेदन तयार पारेर मन्त्रालयमा पेस गरेको छ । प्रतिवेदनले एआईको विकास, प्रयोग र नियमनका लागि सरकारले आवश्यक नीति, कानुन र कार्यविधि बनाउनुपर्ने सुझाव दिएको छ । साइबर सुरक्षा, डाटा सुरक्षण र गोपनीयताका विषयलाई नीतिगत तहमा सम्बोधन गर्नुपर्ने आवश्यकता औँल्याउँदै प्रतिवेदनले एआईसम्बन्धी राष्ट्रिय नीतिको तर्जुमा, राष्ट्रिय रणनीतिको निर्माण, कानुनी आधारसहित डाटा सुरक्षण रुपरेखा, एआईको प्रयोग र प्रयोगकर्ताको गोपनीयता तथा सुरक्षण समेटिएका नीति र कानुनको अन्तर्राष्ट्रिय मापदण्डसँग अनुकूलन हुने गरी मानक निर्धारण गर्नुपर्ने सुझाव दिएको छ । प्रतिवेदनले एकीकृत राष्ट्रिय पोर्टलको विकास गरी एआईसम्बन्धी सूचना आदानप्रदान गर्न एकीकृत संरचनाको निर्माण गर्नुपर्ने, यस विषयमा अनुसन्धान, विकास र उपयोगलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने, एआईको प्रयोगमा गति प्रदान गर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने, यसको रुपान्तरणकारी प्रकृतिलाई आर्थिक सामाजिक विकासमा उपभोग गर्न राष्ट्रिय परियोजना एवं क्षेत्रगत पहलको विकास गर्नुपर्ने सुझाव दिइएको मन्त्रालयका उपसचिव एवं अवधारणापत्र तयारी प्राविधिक समितिका सदस्य तिमिल्सिनाले जानकारी दिए । 'गोपनीयता संरक्षण, पारदर्शीता र जवाफदेहिताको प्रवर्द्धन, एआई प्रयोगको विकास र प्रवर्द्धनलगायत विषयमा अनुसन्धान, लगानी र सहकार्यलाई वृद्धि गर्ने रणनीति लिनुपर्ने देखिन्छ', प्रतिवेदनमा भनिएको छ, 'यसका लागि सम्बन्धित क्षेत्रले आ्नो नीति, रणनीति र कार्यक्रममा एआई प्रयोगको विकास र प्रवर्द्धनलाई प्राथमिकतामा राख्नुपर्ने हुन्छ ।'

विद्यमान जनशक्तिको पहिचान गरी उनीहरुको क्षमता वृद्धि गर्नुपर्नेमा जोड दिँदै सार्वजनिक र निजी क्षेत्रमा दक्षजनशक्तिको उपलब्धता पश्चात् एआई विकास, प्रयोग र प्रवर्द्धनलाई गति दिन सकिने भएकाले यस क्षेत्रमा मानव पुँजी निर्माणमा सबैको ध्यान जानुपर्ने सुझाव प्रतिवेदनमार्फत दिइएको समितिका सदस्य तिमिल्सिनाले बताए । रोग निवारण र उपचार, वित्तीय सेवा र विश्लेषण, निर्माण तथा उत्पादन, शिक्षा र विकास, सञ्चार र अनुभव सुधार, साङ्गठनिक प्रबन्धन, सरकारी सेवा, सामाजिक सुरक्षा, खेलकूद, अनुसन्धान र विकास, कृषि, पर्यटनलगायत क्षेत्रमा एआईको प्रयोग गर्नुपर्ने सुझाव प्रतिवेदनमार्फत दिइएको उनीको भनाइ छ । 'नेपालमा आर्टिफिसियल इन्टेलिजेन्स विकासको वर्तमान ई-कोसिस्टमको अवस्था, प्रवर्द्धनका सम्भावित क्षेत्रहरु, अनुसन्धान र विकासको क्षमता, कार्ययोजनाको मूल्याङ्कन गर्नुपर्ने हुन्छ', प्रतिवेदनमा भनिएको छ, 'राष्ट्रिय रणनीतिले स्वास्थ्य सेवा, कृषि, शिक्षा, स्मार्ट सहर एवं पूर्वाधार, स्मार्ट मोलिलिटी र यातायातलगायत प्रमुख क्षेत्रहरु निर्धारण गरी उक्त विषयमा भावी कार्ययोजना तय गर्नुपर्दछ ।'

एआईसम्बन्धी रणनीतिले डाटा र डिजिटल पूर्वाधार, एआई 'स्टार्टअप'लाई गति दिन आर्थिक तथा वित्तीय व्यवस्था, अनुसन्धान र विकास, नैतिकता, डाटा गोपनीयता, सुरक्षा र नियमन, जनशक्तिलाई सीप र क्षमता वृद्धि, प्रविधिको औद्योगिकीकरण तथा क्षेत्रगत पहल समेट्नुपर्ने प्रतिवेदनको सुझाव छ । प्राविधिक समितिले एआईको पृष्ठभूमि, अवधारणा, एआई इकोसिष्टम, यसका आधारभूत सिद्धान्त, दृष्टिकोण, उद्देश्य, विद्यमान अवस्था, नीतिगत व्यवस्था, संस्थागत एवं प्रयोगको अवस्था, अन्तर्राष्ट्रिय अभ्यास र रणनीतिलगायत क्षेत्रमा अध्ययन गरेर नेपालले लिनुपर्ने आगामी कार्यदिशा तथा योजना तर्जुमाका विषय प्रतिवेदनमा समेटिएको उपसचिव तिमिल्सिनाले जानकारी दिए । उनीका अनुसार युरोपेली युनियन, संयुक्त राष्ट्रसै, नर्डिक-बाल्टिक क्षेत्र, यूएई, भारत, अर्जेन्टिना, अष्ट्रेलिया, ब्राजिल, क्यानडा, चिली, चीन, डेनमार्क, फिनल्याण्ड, फ्रान्स, जर्मनी, इटाली, सिङ्गापुर, दक्षिण कोरियालगायतले जारी गरेका एआई प्रयोगसम्बन्धी रणनीतिको अध्ययन गरी प्रतिवेदनमा तुलनात्मक विश्लेषण समावेश गरिएको छ ।

*-रासस*

# रुसको स्याटेलाइट अन्तरिक्षमा विस्फोट



स्टेशनमाएउटा रुसी स्याटेलाइट गतहप्ता अन्तरिक्षमा विस्फोट भयो । उक्त स्याटेलाइट विस्फोटमा १०० भन्दा धेरै टुक्राहरु यत्रतत्र छरिए ।

ती टुक्राहरु तिव्र गतिमा चीनको स्पेस स्टेशनतर्फ आइरहेका थिए । जसका कारण चीनले साढे ६ घण्टा लगाएर आफ्नो स्पेस स्टेशनको चारैतर्फ कवच लगाइदिएको छ ताकि स्याटेलाइटका टुक्राहरुले कुनै क्षति नपुऱ्याओस् । अन्तरिक्ष विज्ञानमा यो पहिलो पटक भएको हो, जब स्पेस स्टेशनको बाहिर हिस्सामा यस्तो खालको कवच लगाइयो । चीनको सेन्झोउ १८ मिसनका दुईजना अन्तरिक्षयात्रीहरुले स्पेस स्टेशनमा कवच लगाउने काम गरेका हुन् ।

यसक्रममा अन्तरिक्षयात्रीहरुले ६ घण्टासम्म स्पेस स्टेशनको चारैतर्फ स्पेसवाक गरेका थिए । चाइना एरोस्पेस साइन्स एण्ड टेक्नोलेजी कर्पोरेसनका वैज्ञानिक लियु मिंग भन्छन्- स्पेस वाकको पहिलो काम नै यहीं थियो कि हामीले स्पेस स्टेशनको चारैतर्फ सुरक्षा उपकरण लगाउन सकौं ताकि केवल तथा पाइपलाइनहरु सुरक्षित होउन् । अमेरिकी स्पेस कमान्डका अनुसार जून २६ का दिन रुसको पूरानो तथा बिग्रिएर काम नलाग्ने भएको अर्थ अब्जरभेसन स्याटेलाइट Resurs-P1 कक्षमै विस्फोट भएको थियो । विस्फोटबाट सिर्जित टुक्राहरु ट्रयाक गर्न सकिन्छ। उक्त घटनाको विषयमा नासालाई तुरुन्तै जानकारी गराइएको थियो । हाल इन्टरनेसनल स्पेस स्टेशनमा ६ जना अमेरिकी अन्तरिक्षयात्रीहरु रहेका छन् । त्यसपछि नासाले Safe Heaven प्रक्रिया सुरु गऱ्यो ताकि स्पेस स्टेशनलाई चारैतर्फबाट आएका टुक्राहरुबाट बचाउन सकियोस् । अमेरिकाले उक्त खतराको बारेमा चीनलाई बताए नबताएको बारेमा भने प्रष्ट भएको छैन । तथापि चीनले पनि रुसी स्याटेलाइट विस्फोट भएर स्पेस स्टेशनमा खतरा उत्पन भएको खबर थाहा पायो । त्यसले तत्कालै आफ्नो स्पेस स्टेशनबाट रोबोटिक हातको माध्यमबाट अन्तरिक्षयात्री ये गुआंफूलाई कवच लगाउन बाहिर पठाइयो । त्यसपछि उक्त स्पेस स्टेशनको बाहिर हिस्सामा कवच लगाइयो । उनको सहयोगका लागि अर्का अन्तरिक्षयात्री ली गुआंगसूले रोबोटिक हात तथा तियान्हे कोर मोड्युलको निगरानी गरिरहे । कवच लगाएपछि रोबोटिक हातको मद्दतले स्पेस स्टेशनको जाँच गरियो । उक्त काम सम्पन्न गर्नका लागि दुईजना अन्तरिक्षयात्रीलाई पूरै साढे ६ घण्टा लागेको थियो ।

*-अनलाइनखबर डटकम*


**VEHICLE ON SALE**
**DATE OF PUBLICATION: ASHAD 25, 2081**

The sealed bids are invited from interested parties to purchase the following Vehicles on sale under **"as is where is basis"** as per the terms and conditions mentioned below.

| S.N. | Vehicle Brand | Vehicle Type | Vehicle no | Model | Color |
|---|---|---|---|---|---|
| 1 | Maruti Versa | VAN | BA 7 CHA 599 | 2009 | White |

1. Vehicles will be available for inspection at Himalayan Bank Limited, Palpa Branch Nepal, Telephone No: 075-522641.
2. It shall be the responsibility of the bidder to inspect and satisfy themselves about the vehicles before submitting the Bid. Bidders can inspect the vehicle during office hours from 10:30 AM to 5:00 PM after contacting bank officials.
3. Bidder should deposit minimum of 5% of the bid amount in the form of cash deposit as a bid security (refundable) in IDT account (internal account) in any of the HBL Branches. Security deposit shall not earn any interest. Copy of the deposit slip should be sealed along with the bid envelope.
4. Bidder must mention the detail of the vehicle they want to purchase in their bid application. For each vehicle, bidders are required to deposit separate security deposit amount.
5. Security deposit of the successful bidders shall be retained, and security deposit of unsuccessful bidders shall be refunded within 45 days from the submission deadline.
6. Successful bidder should have to pay the full amount within seven days from the date of bid opened, if not the bid securities will be forfeited, and the vehicles will be sold to next high bidder who has submitted the highest offer for the respective vehicle.
7. On acceptance of offer, the delivery of the vehicles will be given to the offer or upon realization of full payment.
8. Ownership transfer has to be done by the successful bidder himself at his own cost. Bank shall issue only an ownership transfer letter to Yatayat Office.
9. All the cost and expenses in connection with the ownership transfer will be borne by the bidders.
10. Bank shall pay road tax for the current fiscal year only.
11. Submission Deadline: **(Asadh 31, 2081)** within **3:00 PM.**
(Note: In case of public holiday, the submission deadline will be the next working day)
12. Bank can open bids in the absence of the bidder.
13. Bank reserves the right to accept or reject the bid without assigning any reasons whatsoever.

HBL Himalayan Bank Ltd.

**General Administration Department**
Himalayan Bank Limited
Corporate Office, Kamaladi, Kathmandu
Phone: 01-5971346

# प्रधानमन्त्री दाहाललाई राजीनामा दिन दवाब



**पाल्पा,** असार २४/अल्पमतमा परेका प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’माथि राजीनामा दिन दवाब बढ्दै गएको छ । नेकपा एमाले, नेपाली काँग्रेस र राप्रापाका नेताहरुले लगातार रुपमा प्रधामन्त्रीलाई तत्काल राजीनामा दिन दवाब बढाएका हुन् ।

संसदमा बहुमत गुमाइसकेका प्रधानमन्त्री प्रचण्डले नैतिकताका आधारमा राजीनामा गरेर नयाँ सरकार गठनका लागि मार्गप्रशस्त गर्नुपर्ने भन्दै उनीहरुले दवाब बढाएका छन् । अल्पमतमा परेको काम चलाउ सरकारले अविलम्ब राजीनामा दिनुपर्ने काँग्रेस एमाले र राप्रपाका नेताहरुको भनाई छ । काम चलाउन सरकारका प्रधानमन्त्रीले लामो समय राजीनामा नदिइ पदमा बस्नु अनुचित रहेको उनीहरुको तर्क छ । काम चलाउ सरकारलाई कुनै पनि महत्वपूर्ण निर्णय नगर्न समेत नेताहरुले आग्रह गरेका छन् ।

जनमत गुमाइसकेको सरकारले मुलुकलाई दुरगामी असरपर्ने निर्णय गर्नु संविधानविपरीत हुने भन्दै एमालेको बैठकले समेत सरकारलाई सचेत गराएको छ । तर, प्रधानमन्त्री प्रचण्ड भने राजीनामा नदिई संविधानअनुसार संसद्बाट विश्वासको मत लिने अडान राख्दै महत्वपूर्ण निर्णयहरु गर्न थालेका छन् । संविधानले नै सरकारमा सहभागी दलले समर्थन फिर्ता लिए ३० दिनभित्र विश्वासको मत लिनुपर्ने व्यवस्था गरेकाले पनि प्रचण्डले त्यो बाटो अपनाएका हुन् ।

प्रतिनिधिसभाको बैठकमा समेत नेपाल कम्युनिस्ट पार्टी (एमाले), नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी ( राप्रपा) सहितका दलहरूका सांसदले शून्य समयमा बोल्दै बहुमत गुमाइसकेका प्रधानमन्त्री प्रचण्डले नैतिकताका आधारमा राजीनामा गरेर नयाँ सरकार गठनका लागि मार्गप्रशस्त गर्नुपर्ने बताउँदै आएका छन् । तर, नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का सांसदहरूले संविधानले नै समर्थन फिर्ता लिएपछि ३० दिनभित्र विश्वासको मत लिनुपर्ने व्यवस्था गरिएकाले नैतिकताको पाठ नसिकाउन जवाफ फर्काएका छन् । प्रधानमन्त्रीले यही असार २८ प्रतिनिधिसभामा विश्वासको प्रस्ताव प्रस्तुतिका लागि संघीय संसद्लाई पत्र पठाइसकेका छन् । तर उनले राजीनामा नदिएमा एमालेले प्रस्तावको विपक्षमा मतदान गर्ने निर्णय गरेको छ । यही असार १७ गते नेपाली कांग्रेस र एमालेबीच राष्ट्रिय सहमतिको सरकार गठन गर्ने सहमति भएको थियो । उक्त सहमतिपछि एमालेले यही असार २० गते वर्तमान सरकारलाई दिएको समर्थन फिर्ता लिँदै सबै मन्त्री सरकारबाट बाहिरिएका थिए ।

# वर्षाका कारण रोकियो नारायणगढ -बुटवल सडकको काम



**नवलपुर(नवलपरासी),** असार २४/निरन्तर परेको वर्षाको कारण नारायणगढ-बुटवल सडक खण्ड विस्तारको काम ठप्प भएको छ ।

नारायणगढ बुटवल सडक विस्तार योजना पूर्वी खण्डका योजना प्रमुख आशिष थापा मगरकाअनुसार अहिले सडक विस्तारको काम भन्दा पनि यातायात सहज रुपमा सञ्चालन गराउनका लागि पहल भइरहेको जानकारी दिए । ‘वर्षातमा सडक विस्तारको काम गर्न सकिने अवस्था नभएपछि अहिले यातायात सहज बनाउनेतर्फ हामीले ध्यान दिएका छौँ’ उनले भने, ‘निर्माण कम्पनीले आफ्नो जनशक्ति र उपकरण सडक अवरुद्ध भएको ठाउँमा यातायात सहज बनाउन लगाएको छ ।’ सडकमा भएका खाल्डाखुल्डी पुर्ने, वर्षातले बाटो चिप्लो भएको ठाउँमा गिटी राख्ने, पहिरो हटाउनेलगायतको काममा निर्माण व्यवसायीलाई खटाइएको उनले बताए । ‘यसवर्षको मनसुन सुरु भएपछि एक हप्ता अगाडिदेखि नै निर्माण कम्पनीले आफ्नो स्रोतहरु घटाउँदै लगेको थियो’ उनले भने, ‘पानी परेपछि सडक विस्तारको काम गर्न नमिल्ने भएकाले काम बन्द गरिएको हो ।’

विसं २०७५ माघमा सडक बिस्तारको लागि सम्झौता भएर काम सुरु गरिएको सडकको भौतिक प्रगति हालसम्म ५२ प्रतिशतमात्रै देखिएको योजना प्रमुख मगरले बताए । नारायणगढ-बुटवल सडकको एकसय १४ किलोमिटरमध्ये पूर्वी खण्डमा ६५ किमी सडक पर्दछ । समयमै सडक विस्तारको काम नसकेको निर्माण कम्पनी चाइना स्टेट इन्जिनीयरिङ कर्पोरेसन लिमिटेडले दोस्रो पटक पाएको म्याद थपको अवधि यही साउन ८ गते सकिँदैछ । म्याद सकिन लागेपछि निर्माण कम्पनीले अझ एक वर्ष म्याद थपका लागि निवेदन दिएको जनाइएको छ । ‘निर्माण कम्पनीले विभिन्न कारणहरु देखाउँदै म्याद थपका लागि निवेदन दिएको छ’ उनले भने, ‘काम सुरु गर्ने बेलामा फैलिएको कोभिडको महामारी, ढिला गरि दिइएको रुख काट्ने स्वीकृति, बिजुलीको पोल सार्न भएको ढिलाइसहित पुरानै कारण देखाएर म्याद थपका लागि निवेदन दिएको छ ।’ निर्माण कम्पनीले दिएको निवेदनको आधारमा कति दिन म्याद थप गर्दा उचित हुन्छ भन्ने विषयमा आफूहरु छलफलमा नै रहेको आयोजना प्रमुख मगरले बताए । ‘कति दिन म्याद थप गर्ने भन्ने विषयमा परामर्शदाता र हामी मिलेर छलफल गरिरहेका छौँ’ उनले भने, ‘हामीले यहाँबाट सिफारिस गरेपछि म्याद थपका लागि मन्त्रालयमा सिफारिस पठाउँछौँ ।’ म्याद थपको स्वीकृति साउन ८ भन्दा अगाडि नै आउने भए पनि कति दिन थप हुन्छ भनेर भन्न सक्ने अवस्था नभएको उनले बताए । *-रासस*

## खेलकुद समाचार

# दोस्रो टी-२० क्रिकेटमा भारत १ सय रनले विजयी



**काठमाडौं,** असार २४/घरेलु टोली जिम्बावेसँगको दोस्रो टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा भारत १ सय रनले विजयी भएको छ ।

हरारेमा भारतले दिएको २ सय ३५ रनको लक्ष्य पछ्याएको जिम्बावे १८ ओभर ४ बलमा १ सय ३४ रनमा अलआउट भयो । जिम्बावेका वेस्ले मेधेवेरेले सर्वाधिक ४३ रन बनाए । भारतका मुकेश कुमार र आवेश खानले ३/३ विकेट लिए । यसअघि टस जितेर पहिले ब्याटिङ गरेको भारतले २० ओभरमा २ विकेट गुमाएर २ सय ३४ रन बनायो । भारतका अभिषेक शर्माले शतक बनाए । उनले ४७ बल खेल्दै ८ छक्का र ७ चौका प्रहार गरे । यस्तै रुतुराज गायकवाडले ७७ र रिङ्कु सिंहले नट आउट ४८ रन बनाए ।

योसँगै ५ खेलको शृङ्खला १/१ को अवस्थामा पुगेको छ । पहिलो खेल जिम्बावेले जितेको थियो । तेस्रो खेल आउँदो बुधवार, चौथो खेल शनिवार र पाँचौं तथा अन्तिम खेल आउँदो आइतवार हुनेछ ।

# पाल्पामा...

...यात्रा नेपालको क्रममा खिचिएका डकुमेन्ट्री प्रचार-प्रसार गरी पाल्पामा पर्यटकीय चलह-पहल बढाउन यो अभियान शुरु गरिएको व्यवस्थापक प्रकट नारायण श्रेष्ठले बताए ।

घुमफिरको लागि नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठ, दर्शन नेपालका सल्लाहकार सन्दिपराना, नेपालरेडक्रस सोसाईटी पाल्पाका उप-सभापति भिमसेन कार्की, भगवती मन्दिर गुठी व्यवस्थापन समितिका अध्यक्ष अशोकमान महर्जन, तानसेन नगर पालिका- १ का वडा अध्यक्ष सुनिल बस्याल, वडा नं २ का वडा अध्यक्ष महेश्वर श्रेष्ठ, वडा नं ६ का वडा अध्यक्ष सागरमान महर्जन लगायतले टोलीको यात्रामा साथ दिएका थिए । यात्रामा सहभागी पाहुनाहरुलाई तानसेन टक्सारको नेवारी धिमेवाजा बजाउँदै स्वागत गरिएको थियो ।

## अर्थ/कर्पोरेट समाचार

# चार सयले घट्यो सुनको मूल्य




**पाल्पा,** असार २४/सुनको मूल्यमा अहिले पनि उत्तरचढाव भइहेको छ । अन्तर्राष्ट्रिय बजारमा मूल्यमा उतारचढाव आएसँगै नेपालको बजारमा अहिले पनि मूल्यमा घटबढ भइरहेको हो ।

सोमबार सुनको मूल्य तोलामा चार सयले घटेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार, आइतबार प्रतितोला एक लाख ४५ हजार चार सयमा कारोबार भएको छापावाला सुन सोमबार एक लाख ४५ हजारमा कारोबारका निम्ति मूल्य निर्धारण भएको छ । आइतबार प्रतितोला एक लाख ४४ हजार सात सयमा कारोबार भएको तेजाबी सुनको भाउ सोमाबार भने एक लाख ४४ हजार सात सय कायम भएको छ । महासंघले चाँदीको मूल्य भने स्थिर रहेको जनाएको छ । आइतबार एक हजार आठ सय ९० मा एक तोला चाँदी खरिदबिक्री भएको थियो । लगातार सुनको मूल्य बढेपछि बिहेको सिजनमा समेत कारोबार बढ्न सकेको छैन । विगतका वर्ष यतिबेला राम्रै सुन विक्री भए पनि अहिले त्यस्तो नरहेको व्यवसायीहरु बताउँछन् । उनीहरुका अनुसार मूल्य बढेका कारण पुराना गहना बिक्री गर्ने ग्राहक बढी आउने गरेका छन् ।

अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ । जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ । नेपालमा हाल दैनिक २० किलो सुन आयात गर्न सक्ने व्यवस्था छ । वैदेशिक रोजगारमा रहेकाले ५० ग्रामसम्म सुनका गहना ल्याउन पाउने व्यवस्था छ । सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्न जान्छ । विदेशी मुद्रा सञ्चिति घटेका बेला यसले नकारात्मक असर पार्न सक्छ ।


## भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना

CTEVT बाट स्वीकृति प्राप्त यस पाल्पा टेक्निकल इन्स्टिच्यूट तानसेन, पाल्पामा शैक्षिक वर्ष २०८१/०८२ को लागि ३ वर्षे डिप्लोमा कार्यक्रम/प्रमाण पत्र तह **सामान्य चिकित्सा**(H.A.), **मेडिकल ल्याब्रोटोरी टेक्नोलोजि** (CMLT) र फिजियोथेरापी विषयमा भर्ना खुलेको जानकारी गराउँदै उक्त विषय अध्ययन गर्न ईच्छुक SLC वा SEE मा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा २.० जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट सम्बन्धित प्राविधिक एस.एल.सी/प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको विद्यार्थीहरुले भर्नाको लागि समयमै सम्पर्क गर्न जानकारी गराईन्छ ।

**आवेदन फारम साथ पेश गर्नुपर्ने कागजातहरु :**

क) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35mmx45mm) को दुई प्रति रंगीन फोटो ।

ख) एस.एल.सी.वा प्राविधिक एस.एल.सी (प्रि-डिप्लोमा) वा एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यताको लब्धांकपत्र र प्रमाणपत्रको प्रतिलिपी ।

ग) नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि ।

घ) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको पत्रको प्रतिलिपी ।

- **आवेदन फर्म ईन्स्टीच्युटबाट वितरण भैरहेको छ ।**
- **फर्म बुझाउने अन्तिम मिति-२०८१ श्रावण १३ गते आइतबार (कार्यालय समय भित्र)**
- **प्रवेश परीक्षा -२०८१ श्रावण १९ गते शनिबार बिहान ८ बजे**

**सम्पर्क**

**पाल्पा टेक्निकल ईन्स्टिच्युट**

**मेहलधारा -२, तानसेन पाल्पा (पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र नजिकै (आफ्नै भवनमा)**

फोन नं. ०७५-५२०७१४/५२०३८२/५२०३१६/५९०००६

मोबाईल नम्बर ९८५७०६०३४६, ९८४७०२९८१६, ९८४७०६८०५२



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्राई, सम्पादक:जगदीशप्रसाद भट्राई